हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

वर्ष : ०१ अंक : ७३ पृष्ठ : ४ २०७७ असोज १० गते शनिबार (Saturday 26 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• रैथाने प्रजातिका कुखुराको माग बढ्दो •

## रैथाने प्रजातिका कुखुरा पालनमा युवा



पोल्ट्री फार्ममा पालेका रैथाने प्रजातिका कुखुरालाई आहार दिँदै रामदत ठाकुर ।

रैथाने प्रजातिका पंक्षी कुखुरा र परेवा संरक्षणमा सिरहा नगरपालिका-२२ हकपाराका रामदत ठाकुर सक्रिय छन् । ती पंक्षीको संरक्षणसँगै व्यवसायिक पालनबाट उनले राम्रो आम्दानी समेत लिन सफल भएका छन् ।

वैदेशिक रोजगारीका क्रममा खाडी मुलुक कतारमा १७ वर्षसम्म काम गरेर फर्किएका उनमा रैथाने प्रजातिका पंक्षी संरक्षणमा मोह जागेको हो । कतारमा रहदा स्थानीय प्रजातिकै पंक्षी फर्ममा काम गरेका उनले स्वदेश फर्किएपछि त्यसैमा बसेको रसले गाउँमा वर्षदिनअघिदेखि पोल्ट्री फर्म खोलेर व्यवसायिक रूपमा थालेका हुन् ।

विदेशमा आर्जन गरेको पैसा उनले पूँजीको रूपमा फर्ममा खर्चेका छन् । भाडामा जग्गा लिएका छन् । ५ लाख रूपैयाँ लगानीमा मनिष पोल्ट्री फर्म नाम दिएर सुरू गरेको उनको फर्ममा अहिले ४ सयभन्दा बढी स्थानीय प्रजातिका कुखुरा छन् । रैथाने सेतो, कालो, रातो, फुस्रो लगायत कुखुराको विभिन्न सप्तरंगीले उनको फर्म भरिएको छ । सँगै फर्मभरि परेवा छन् । परेवालाई फर्मको छानामा टिनका बाकस बनाएर पालन गरेका छन् । दिनभर कुखुरा र परेवाकैं हेरचाहमा सक्रिय उनी भन्छन् 'फरक यत्ती हो उता कतारी प्रजातिका कुखुरा स्याहार्थे यत्ता स्वदेशी ।'

त्यसो त जतातते ब्रोइलर कुखुराको व्यवासायिक पालनले रैथाने जातको कुखुरा पाउन गाह्रो भएपछि संरक्षण र व्यवसायमा नयाँपन दिनपनि उनले यो व्यवसाय सुरू गरेका हुन । गाउँघरबाट लोप हुन लागेको रैथाने कुखुराको चल्ला नपाएपछि सुरूवातीताका उनले स्थानीय प्रजातिका कुखुराको चल्ला काठमाडैंबाट ल्याए । अहिले आफ्नै फर्ममा चल्ला समेत उत्पादन गर्छन । 'दुई पटकसम्म बाहिरबाटै चल्ला ल्याए,' ठाकुरले भने, 'अहिले अण्डाबाट आफै चल्ला उत्पादन गर्छु ।' उनले चल्ला उत्पादन गर्न घरेलु प्रविधिबाटै 'इन्कुभेटर' मेसिन बनाएका छन् । त्यसमा उनी सय थान अण्डा राख्छन् । तीन हप्तापछि चल्ला उत्पादन हुन्छ । 'अण्डामा कुखुरा बस्दा कसरी चल्ला बन्छ बारे खोजबीन गरे, विदेशमा सिकेको सीपलाई यहू प्रयोग गरे,' उनले भने, 'गाउँघरमा

बाँकी ३ पेजमा

## माग बढ्दो, व्यावसायिक पालन हुन सकेन



रैथाने प्रजातिका कुखुरा व्यापारी झरीलाल ।

कुखुरा पालन उनले कहिल्यै गरेनन् । तर पनि सिरहा धनगढीमाई नगरपालिका-११ नैनपुरका ४५ वर्षीय झरीलाल मण्डल खत्वेको घरमा कुखुरा मात्र भेटिन्छ । त्यो पनि लोप हुनलागेको गाउँघरका रैथाने स्थानीय प्रजातिका कुखुरा उनको घरमा बाँसको खोरभरि भेटिन्छ ।

कुखुरा पालन नगरेका झरीलाल तर त्यही स्थानीय प्रजातिको कुखुराको व्यापार गर्छन । त्यही व्यापारबाट उनले मासिक ३० हजार रूपैयाँसम्म आम्दानी लिन्छन् । गाउँघरबाट स्थानीय प्रजातिको कुखुरा संकलन गरी उनी चोहर्वास्थित होटलहरूमा बिक्री गर्छन ।

होटलहरूमा स्थानीय प्रजातिको कुखुराको माग बढ्दो छ । ब्रोइलर भन्दा मिठो र चखिलो मासु हुने भएकाले पनि स्थानीय जातको कुखुराको माग बढ्दो छ । 'माग अनुसार स्थानीय जातका कुखुरा पुरा गर्न सकेको छुइन' जुँगा पाल्न सौखिन झरीलालले भने 'गाउँघरमा ४ सय रूपैयाँ किलोमा कुखुरा खरीद गरि ७ सय रूपैयाँ प्रतिकिलोमा बिक्री गर्छु उनले भने 'दिनमा २० देखि २५ किलोसम्म कुखुरा संकलन गरी चोहर्वाका होटलहरूमा बिक्री गर्छु ।'

उनले धनगढीमाई नगरपालिकाको उत्तरवर्ती चुरे क्षेत्र मड्यान, चट्यान, गडमे, सीतारानी लगायत दुई दर्जन गाउँबाट स्थानीयले पालेको कुखुरा खरीद गरि बजारमा बिक्री गर्छन । उत्तरवर्ती चुरे क्षेत्रमा उनले स्थानीय जातका कुखुरा खरिद गर्न थालेपछि त्यस क्षेत्रमा स्थानीयले कुखुरा पालन सुरू गरेका छन् । सीतारानीकी सीता श्रेष्ठले बिक्री हुनथालेपछि कुखुरापालन थालेको सुनाइन । उनले पालेको कुखुरा उनै जुगे झरीलाललाई बिक्री गर्दै आएको सुनाइन । 'गाउँघरमा कुरा एक केजीदेखि डेढ केजीको हुनै पाउँदैन' उनले भनिन् 'उनै जुँगे झरीलालले बाँकी बस्न दिदैंनन्, खरिद गरेर लगिहाल्छन् ।'

झरीलालले जुँगाको रेखि बस्न थालेदेखि नै जुँगा पालेका हुन । बिक्रीका लागि समस्या नभएपनि स्थानीयले माग अनुसार व्यवसायिक रूपमा स्थानीय जातका कुखुरा पालन गर्न

बाँकी ३ पेजमा

## छात्रवृत्ति वितरण

दलित बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले सेद द चिल्ड्रेन नेपालको प्राविधिक सहयोगमा शुक्रबार सिरहाको सखुवानन्कारकट्टि गाउँपालिकाका दलित बालबालिकालाई छात्रवृत्ति वितरण गरेको छ ।

संघले सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा २०७० सालदेखि सिरहा जिल्लाको लहान नगरपालिका र सखुवानन्कारकट्टि गाउँपालिकामा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोही कार्यक्रम अन्तर्गत शुक्रबार सखुवानन्कारकट्टि गाउँपालिकाका दलित बालबालिकालाई छात्रवृत्ति वितरण गरिएको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासमानले जानकारी दिए । उनका अनुसार ती नगरपालिका र गाउँपालिकाका एक सय दलित छात्राहरूले छात्रवृत्ति पाइरहेका छन् । कक्षा १ देखि स्नातकोत्तर तहसम्मलाई छात्रवृत्ति दिने गरिएको कार्यक्रम संयोजक बरिशलाल मोचीले जानकारी दिए । उनका अनुसार त्रैमाशिक रूपमा छात्रवृत्ति वितरण गर्दै आएको संघले प्रत्येक त्रैमासिकमा २ लाख ३ हजार ७ सय रूपैयाँ वितरण गर्दछ । कार्यक्रम संयोजक मोचीका अनुसार संघले कक्षा ६ देखि ८



बाँकी ३ पेजमा

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५



फ्रेन्डस मोडल हस्पिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# चौबटिया

## आजुक मनुष्य आ पहिचान



अर्जुन प्रसाद गुप्ता 'दर्दिला'
*कवि तथा गितकार*

आजुक मनुष्य अपन जीवनमे अतेक व्यस्त भऽगेल छथि कि ओ अपनोके चिनबाक समय नकालऽ असमर्थ भऽ गेल छथि । कारण आजुक समाजक लोक सबमे जीवनस्तर प्रवन्ध करबाक हेतु प्रतियोगी बनऽ पडि रहल छैक ।

अपन जीवनस्तर सुधारबाक क्रममे आर्थिक स्थितिमे सुधार बहुत जरूरी भऽ जाइछै। जहिकलेल समय तऽ चाही यीहे समयक प्रयोग करऽमे पहिचान प्रतिसँ ध्यान हटि जाति अछि । अपन रोजगारेक कारण अपन जीवनस्तर घटा बढ्हा सकैछी तीहि

अपन रोजगारमे बेसीसँ बेसी देबाक विवशता अछि ।

आजुक समाजमे रहल विलासी जीवनक देखा सिकीक कारण सुखदो जीवन अस्त व्यस्त भऽ गेल अछि । अपन हैसियत दोसरक हैसियतसँ वरावरी करबाक चाह दुःखक कारण बनैत जा रहल अछि । अहिलेल समाज सम्पत्ति आर्जनकलेल बेसीसँ बेसी व्यस्त होबाक जरूरी भऽगेल । ताहि क्रममे लोक अपन जीवनस्तर सुधार करबाकलेल अपन बसोबास या रोजगार कतौ अन्ते गाम शहर या देशमे पलायन भऽ जाति अछि । अहि पलायन अवस्थाक कारण जहि जगह जाकऽ परिवार पालन पोषणमे रहऽ लागल ओहि व्यक्तिपर ओही जगहक पहिचान हाबी होबऽ लागल । मुदा मनुष्य जेना दैनिकी खाना खैबाक नहि भुलि सकैत छथि तहिना अपन सामाजिकता नहि भुलबाक चाँहि । किया कि सामाजिकतासँ अपन पहिचान जोडल रहैत छैक । मानुष्य जे माटिमे जनमल ओहजऽक कला संस्कृति भेष भुसा भाषा ओ पहिचान होति छैक । जेकियो अपन पहिचान भुलि जाति छथि ओ अपन माटि भुलि जाति छथि । माटिके भुलि जेनाइ मतलव मातृत्व भुलि जेनाइ । मातृत्व भुलि जेनाइ मतलव माइके भुलि जेनाइ जे सन्तानके लेल मातृत्वके बइमानी थिक ।

पहिचान विनु मानुष दास होति छथि । मनुष्यके जीवनमे यदि परिचय नहि तऽ ओहि मनुष्यक कोनो अस्तित्व नहि । अस्तित्वविहिन मानुष मानुष नहि ओ जिते लास छथि ।

अहिलेल मानुष कतौ जाइ अपन पहिचान नहि भुलबाक चाही । हँ अपन समाजमे भेल नकारात्मक जडसुत्रवादी रूढ्ीवादी विचारसबमे सकारात्मक परिवर्तन लौनाइ बहुत जरूरी अछि किया कि, यी नकारात्मक चलन दोसर समाजकलेल घृणाक भाव

उत्पन्न कैने रहैत छैक । पहिचान उहे ठीक जे प्रतिष्ठित होबै दोसरक समाजकलेल सकारात्मक उदाहरण बनै । पहिचान मातृभूमिसँ जोडल होबाक चाही जे अलग्गे शानक रूपमे परिचय देति छैक जे प्रतिष्ठासँ जोडल होइ ।

इति

# सलहेस गीति-नाट्य, गाथाक श्रोत, ऐतिहासिक परिक्षण आ काल-निर्णय

*अघिल्लो अंकको बाँकी*

**सलहेस गाथाक पात्र परिचय**

एहि गाथाक विभिन्न पात्र छैक जिनक संक्षिप्त निम्नअनुसार अछि –

(१) सलहेस –गाथाक नायक, कर्मसँ चौकीदार आ पाछाँ अनेक गढ-स्थलक राजा । जन्मघर महिसौथा आ जातिक दुसाध ।

(२) हीरा, रेश्मा, दौना आ कुसमा –एहि कथाक कुख्य नायिकासभ, महिसौथाक गढपति महेश्वर भण्डारीक चारू बेटी, जिनका मालिनी कहल गेल छैक ।

(३) महेश्वर भण्डारीक बेटी दिना मालिनीके मोरंग राज्यक रानी सेहो मानल जाइत अछि ।

(४) राजकुमारी चन्द्रावती – पकडियागढक राजा कुलेश्वरक बेटी, जे उपनायिका छथि आ सलहेससँगे एकतर्फी प्रेम करैत असफल प्रेमिकाक चरित्रक चित्रण केने छथि ।

(५) चुहडमल (किरात)-जकर भूमिका चोरक आ बलात्कारी रूपक छैक आ राजकुमार चन्द्रावतीक गहना, कपडा ल जा कऽ ओ मोकामामे रखने रहए ।

(६) केबला किरात – सलहेस अङ्गरक्षक ।

(७) सतवर्ती आ फूलवन्ती–सलहेसक विवाहिता पत्नी आ बनाटपुरक राजाक बेटी । हिनकर चित्रण एकठाम नटीनक रूपमे भेल अछि ।

(८) मोतीराम आ बुधेसर – दुनू सलहेसक भाए ।

(९) बेङ आ माने – राजा सलहेसक फिलवानसभ ।

(१०) सलहेसक नाना – जनकपुरसँ ३२ कि.मी. उत्तर-पूर्वमे शिवालिक पहाडलग ननमहरी गामक वासी । एहिठाम शिवमन्दिर छैक आ वैष्णवसभके मन्दिर प्रवेशमे रोक छैक जकरा सलहेस तोडि देलथिन ।

(११) करिकन्हा – चम्पारण जिलाक सतखोलियावासी सलहेसक भागिन ।

(१२) मङ्गला हजाम – द्विरागमन लेल बनाटपुरक राजाक राज्यमे बन्दी बनाओल गेल ।

(१३) तरू मल्ल – एकटा दुष्ट किरात ।

(१४) कारकिंत – सलहेसक भागिन ।

(१५) राजकुमार अलर्क

(१६) वनसपति – सलहेसक बहिन जिनका सतखोलियाक राजा शैनीसँ कमला, ताउ तथा वैजनी नदीक सङ्गममे आयोजित मेलामे प्रेम भऽ जाइत छैक ।

**सलहेस लोककथाक उद्गमस्थल**

एहि लोककथाक उद्गमस्थलक बारे विद्वानसभक विभिन्न मत छैन –

(१) प्रो. प्रफुल्लकुमार मौनक अनुसार ई गाथाक जन्मभूमि महिसौथा, सलहेस फूलबाडी, पकडियागढ, कञ्चनगढ, मानिक दह (सम्भवत : मानिक सेनद्वारा खुनाओल गेल पोखैर), सँगे मोरंगधरि छलैक ( आंगन, २०६७, २ पृ. २७ )।

(२) महेन्द्र मलंगिया ( अन्तिका, २००२) एहि गाथाक उत्पति स्थल कमला नदी क्षेत्रके मानैत छथि ।

(३) डा. मोतीलाल यादव ( सिंहावलोकन, २०४५) क अनुसार एकर उद्गमस्थल सम्पूर्ण नेपाल तराईके मिथिला क्षेत्र छलैक ।

(४) डा. पूर्णानन्द दास आ रामप्रताप पासवान एहि गाथाक मोरंगमे जन्मल मानैत छथि । पासवानक अनुसार सलहेसक राज्य मोरंगक कहिसौथा छलैक ।

(५) पण्डित राजेश्वर झा पकडियागढक मुड्रेर जिलामे हेबाक तथ्य प्रकाशित करैत छथि । हुनक विचारमे एहि गाथाक उत्पति स्थल मुड्रेर छलैक जतऽसँ एकर विस्तार मिथिलाक आन जिलासबमे भेलैक ।

(६) हरिकान्तलाल दासक विचारमे सलहेस कथाक पूरा परिवेश सिरहा जिलासमेत प्राचीन सप्तरी जिलामे मात्र सीमित छलैक ।

(७) निमिष झाक अनुसार 'उत्तरमे पहाडी क्षेत्रसँ दक्षिणमे गंगाधरि आ पूर्वमे मानिक दह आदि सब एहि जिलामे छैक । किएक तऽ एहि गाथाक प्रमुख स्थल –महिसौथा, पकडिया, कञ्चनगढ, तरेगानागढ आ भूटानसँ पश्चिममे बाघगढधरिक क्षेत्र राजा सलहेसक महिमासँ प्रभावित छल ।'

**सलहेस गाथाक उद्गम समय**

ई गाथा कोन समयमे जन्म लेलक तकरोबारे विद्वानसभमे मतभेद छैक ।

(१) ग्रियर्सन सलहेस गाथकेँ 'पूर्व मध्यकालक' कहने छथिन (The Survey of Indian Languages in Bihar, p.30) ।

(२) डा. रेखा दासुक अनुसार सलहेस गाथा आठम–नवम श. ईक थिकै (१९९४,१०९),

(३) हरिकान्त जी एहि गाथाकेँ नवम्–दसम् श. ईक मानैत छथि । रेखा दास, राजेश्वर झा तथा हरिकान्त जी तरेगानागढक गढपति महेश्वर भण्डारीक बेटीसभ जे एहि गाथाक उपनायिकासभ छथिन, तिनका तन्त्रविद्याक प्रतीक आ सलहेसक मुख्य प्रेरणा आ सलाहकार मानि कऽ एहि गाथाके आठमसँ नवम शताब्दीक मानैत छथिन । एहि कथामे उल्लेखित तौत्तर प्रगन्नाक महेश्वर भण्डारीक कतौ प्रमाणिक कागज-पत्र अथवा ताम्रपत्रमे उल्लेख नहि भेटैत अछि । लेकिन पृथ्वीनारायणकालक एकटा वि.सं. १८३० के पत्रमे हुनका तरफसँ अधिकारी भऽ पत्र लिखऽबला अभिमान सिंह बस्नेत आ पारथ भण्डारीक उल्लेख आबैत अछि जाहिमे खार्पाके हरिनन्दन उपाध्यायकेँ मदेशकेँ षालिसा प्रगन्ना अन्तर्गतक कञ्चनगढ आदि जमीनके जमिन्दारी देल गेल छैक । बहुत सम्भव अछि कथाक महेश्वर भण्डारी एहि पारथ भण्डारीक कोनो नातादार होथि आ हुनको जमीन्दारी भेटल हैतैक । लेकिन अगर ई बात माती तऽ महेश्वर भण्डारीक काल वि.सं. १८३०( ई.सं. १७७३) के पचाससँ एकसय वर्ष बादे ओहि क्षेत्रक जमिन्दार भेल हेताह । तदनुसार सम्पूर्ण गाथाक रचना ई. सवंत् १८२३ अथवा १८७३ सँ पूर्वक नहि भऽ सकैत अछि (हरिकान्त, २०६७, पृ. ९५–९६) । जतऽधरि तन्त्रक सवाल छैक आठम–नवमसँ सत्रहम शताब्दीमे नेपाल–भारतक सम्पूर्ण क्षेत्रमे शैव, वैष्णव तथा बौद्ध तन्त्रक (वज्रयान, महासुखवाद आदिक) प्रचार-प्रसार भेल छलैक, जकर प्रभाव समाज, तत्कालीन साहित्य, तन्त्र सम्बन्धित अनेक ग्रन्थक रचना, कला-वास्तु कलामे (मन्दिरमे) पडल छलैक । खास कऽ तत्कालीन विश्वविद्यालयसब क्रमशः नालन्दा, विक्रमशीला ओ दन्तपुरी, जगद्दल आ बङ्गालक विद्यालयसभमे, मिथिला, वाराणसी आ दक्षिण भारतमे अत्याधिक विद्वान, तन्त्र विषयपर ग्रन्थ लिखने छैथ । मिथिलामे शैव-तन्त्रक ओहि समयमे अनेक विद्वानसभ भेल छैथ । तहि दुआरे तन्त्रक विकाश आ प्रसारक कालसँ ई कथाक समय कदापि नहि निर्धारण कएल जा सकैत अछि ।

(४) श्री राजेश्वर झा ( लोकगाथा, १९७४, ३७ पटना) ई लोककथाके दसम श.ई.सँ प्राचीन मानैत छथि ।

(५) पंडित मतिनाथ झा (सलहेस गाथा, दरभङ्गा, १९८५, पृ. ३३) सेहो एहि कथाके आठम–नवम शताब्दीक मानैत छथि ।

(६) महेन्द्र मलंगिया (अंतिका, २००२ ई) एहि गाथाकेँ तीनसओ वर्षसँ भीतरक मानैत छथि । हुनक विचारमे भारतक स्वतन्त्रता १९४७ ई. आ नेपालक राणाशासनक अन्त (वि.सं. २००७) १९५० के बाद जातियताक प्राचीन बन्धनकेँ तोडबक प्रयासस्वरूप एहि गाथाक जन्म भेल अछि ।

(७) डा. मोतिलाल यादव एहि गाथाक जन्म पन्द्रहम शताब्दीमे भेल मानैत छथि । ओ लिखैत छथि जे मुड्रेरक पकडिया परगनामे भूमिहीन दुसाध जाति ओहिठामक लूटमाटसँ आतङ्कित छल । दिल्लीक बादशाह ओहि क्षेत्रमे शान्ति-सुव्यवस्था कायम करबा वास्ते राजपूत जातिक विश्वनाथ राज नामक व्यक्तिके पठौलक । तत्पश्चात शान्ति कायम करबामे सफलता प्राप्त भेलैक । परिणामस्वरूप विश्वनाथ राजके ओहि ठामक जमिन्दार बनाओल गेल आ जातीय एकता कायम करबाक प्रयासक फलस्वरूप एहि कथाक जन्म भेल ।

**सलहेस लोक-गाथाक ऐतिहासिक प्रमाण**

कोनो घटना, कथाक इतिहास सम्बोधन करबा वास्ते प्रमाण, साक्ष्य अभिलेख, प्राचीन साहित्य आदिमे ओकर चर्चाक आवश्यकता पडैत छैक । सलहेस गाथापर कलम चलबैबला विद्वानसभ दू भागमे विभाजित छथि । एकटा वर्ग (राजेश्वर झा, मतिनाथ झा, डा. रेखादास, हरिकान्त लाल तथा निमिष झा) एहि नाट्य-कथाके ऐतिहासिक घटना बतबैत छैथ । दोसरदिसि महेन्द्र मलंगिया एकरा 'जातीय बन्धन तोडबाक वास्ते बनाओल गाथा' कहैत छथि । डा. मेतिलाल यादवक अनुसार ई लोक-नाट्यक जन्म जातीय स्वरूपकेँ एकसूत्रमे बान्हबाक प्रयास स्वरूप भेल छलैक । सलहेस गाथाक प्रमुख उल्लेखित प्राचीन ऐतिहासिक स्थलसभ क्रमशः– महिसौथागढ, तरेगानागढ, कञ्चनगढी (रुपनगर), पकडियागढ, मानिक दह ( सलहेसक स्नान करबला पोखैर आ सम्भवत : मकवानी राजा मानिक सेनद्वारा निर्मित), सलहेस (कोकचिया) फूलबारी, पतारी पोखैर आदिसभ सप्तरी जिलामे छैक । लेकिन ई सभ स्थल सलहेसकाल (उन्नैसम श.ई.) सँ प्राचीन थीक ।

सप्तरी जिलाक प्राग इतिहास आ ऐतिहासिक कालक स्थल आ सलहेस गाथाक काल

मिथिला राज्यक उत्तरपूर्वी सीमास्थल सप्तरीक उल्लेख

*बाँकी ३ पेजमा*

**तारानन्द मिश्र**

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# हाम्रा अग्रज र समाज



## सरोकार
### अम्बराज मिश्र

अग्रज भन्ने शब्द आफैमा गहकिलो लाग्छ । गहकिलोको अर्थ वजनदार, गौरव गर्न मिल्ने, मनै प्रफुल्ल पार्ने, भरोसा गर्न मिल्ने, शिक्षाप्रद अभिभावकको भूमिकामा पाईने गुण भएकाहरूलाई हामी अग्रज भन्ने गर्दछौ । अग्रजले आफूभन्दा तल्लो उमेर भएका, नव नेतृत्वमा पुगेका, युवाहरूको मन जित्ने र कलह तथा विवादहरूलाई समस्याको रूपमा नल्याउने, परिआउने घट्नाहरूलाई सहजै किनारा लगाइ ठूलो घट्ना हुनबाट जोगाउने साथै समाजमा सफल नेतृत्व लिन सक्ने व्यक्तित्वलाई हामी अग्रजको दर्जा दिन्छौ ।

अग्रजहरूको लाईनमा उमेर, शिक्षा, कला, विज्ञता, निर्णायकको हिसाबले, मार्ग दर्शकको हिसाबले अग्रजको संज्ञा दिने गरिन्छ । अग्रजको दर्जा पाउनेहरूमा आज सम्म यिनै यस्तै पर्छन् । अग्रजहरूको बोली वयवहार, सौहार्दता, विकासप्रेमी, समस्या समाधान गर्न सक्ने क्षमता, नेतृत्व क्षमता, धैर्यता, सहनशिलता भएका र केही गरेर देखाऔ है भन्ने स्वभावका धनी भएका न्यायीक व्यक्तिहरू नै आज सम्म अग्रजमा पर्दै आएका छन । सबल र सक्षम अग्रजहरूको संगठन मजबुत भएका समाजहरू आफैमा झरिफुट्ट देखिन्छन्, सुरक्षित देखिन्छन्, लोकप्रिय देखिन्छन । त्यस्तो समाजमा लक्ष्मीले बाँस गर्दछन, समाजमा विभिन्न वर्गका परिवारहरू भएतापनि हामी सबै एउटै परिवारका हौ भन्ने र सयौं फूलका एउटै माला हौ भन्ने आभास पाइन्छ । जसले गर्दा त्यस समाजमा के बालक, के युवा, के महिला सबै रमाएका देखिन्छन । अग्रजहरूको कुशल नेतृत्वले समाजको मान मर्यादा र प्रतिष्ठामा उचाई रहि उपल्लो दर्जामा देखिन्छ । हरेक दृष्टिले सफल रहेको समाजमा पाइन्छ, हामीले सुनेको र देखेको समाजमा भन्दा केही फरक मुल्यांकन हुन्छ । त्यसका लागि जात धर्म, दल, सँस्कार, सबै समेटिएको वा एउटै भावना एउटै उद्देश्यमा समाहित भई सबै तप्का उत्तिकै जिम्मेवार रहन सक्नु पर्नेमा देखिन्छन् । समाजले हरेक क्षेत्रको प्रभाव पारेको हुन्छ, शिक्षा, सुरक्षा, स्वास्थ्य, मनोरन्जन, विकास अनि सौहार्दता । सबै कुराको तारतम्य मिलेको समाज आफैमा मुल्यवान रहन्छ । त्यहाँ सरकारका सबै निकायले सेवा पुऱ्याउन बाध्य हुन्छ । वित्तीय संस्थाहरूको सेवामा जमघट रहन्छ, बिकृतीहरू पाखा लागेको देखिन्छ, सबै युवाहरू रोजगारमा, अविभावकहरू आनन्दित अनि बाहिरी आवरण जस्तै भित्री आवरण पनि उत्तिकै गहकिलो महशुस हुन्छ । गलत चेष्टा भएकाहरू क्रमिक रूपमा सुधारउन्मुखमा हुन प्रयासरत हुन्छन् । पहिलो दोस्रो र तेस्रो पटकको गल्तिहरूमा आकाश जमिनको फरक पाइन थाल्छन । पाल्नु जनावरहरू पनि विधि अपनाएर बसेको महशुस हुन्छ । बोट बिरुवाहरू पनि सोभायमान देखिन्छन, बाटा कान्ला, नाला तथा सडक एवं पानी धारा कुवाहरू आफैमा सफा देखिन्छन, उपभोग्य सामान खरिद बिक्रीका पसलहरू पनि झकिझकाउसँगै मठ मन्दिर, चर्च, गुम्बा, मस्जिद तथा स्तुपाहरू पनि सुगन्धित रहि आफैमा उज्वलता भएको मानव हितको प्रतिक्षामा रहेको देखिन पुग्छन् । हरेक परिवारका सदस्यहरू व्यस्त दैनिकीमा रमाउँदै उत्पादनशिल हुन्छन् । अरूको भलो चिताउने स्वभावमा देखिन्छन, सबैको भलो समाजकै भलो भन्ने उदेश्य लिएका हुन्छन र हरेक सदस्य सृजनशील भई जीवनमा केही कृति छाडेर जाउँ भन्ने उद्देश्य बोकेका देखिन्छन ।

तर, हिजो आज हाम्रा समाजका अग्रजहरू आफै बिकृतीमयमा डुबुल्की मारेका देखिन्छन् । जस्तै : जाँड रक्सी, तास जुवा, गाँजा, भाङधतुरो, चरेस सहितको कूलतमा पाउँछौ । केही गरेर खानु भन्दा पनि अरूकै आशाको दिनचर्यामा देखिन्छन, एक कप चियाको लागि घण्टौ समय फाल्तुमा फ्याकेको देखिन्छन, आफ्नो घर आँगनको फोहोर सफा गर्न छाडेर अरूले गरेकोमा कुरा काट्नमा मस्त देख्दछौ, अरूलाई पनि आफू जस्तै बनाउन प्रपन्चमा समय खर्चेको पाउँछौ । अरूलाई बलिको बोको बनाउन पाउँदाको खुशिमा रमेको पाउँछौ । अरूलाई बिवादमा तानेर आफू सफल भएको नेतामा गनिन चाहन्छौ । अरूको खर्च गराउन पाउँदा हर्षले बिभोर हुन पुग्छौ । बेरोजगारीहरूले रोजगारमा रहनेलाई पनि बिकृतीमा अल्मल्याईरहेका हुन्छन, आफूलाई सम्भ्रान्त चिनाउने प्रयत्न गरिरहेका हुन्छौ । जब सम्म यस्ता बिकृतीमय कार्य प्रति आफैमा ग्लानी नभएसम्म त्यस्तो समाज सधै पिडामै रहन्छ । र समाज पीडामय बन्न पुग्छ । यी र यस्तै कुराहरूको विधिको शासनका लागि स्थानीय सरकार गठित छन । ती सरकारमा पदासिन जनप्रतिनिधिदेखि प्रदेश सरकार तथा केन्द्र सरकार लगायत तिनका कर्मचारीहरूमा सरकारको ठूलै धनराशि खर्चिएर कुर्सिमा पदासिन छन । कुर्सिबाट उनीहरूले जनतालाई रैति नै सम्झन्छन । अनि कसरी समाज वा देशले फड्को मार्ने ? एक पाखे नीति अनुसार आफ्ना कार्यकर्ता बाहेक अरू मानव नै होईनन् भन्नेमा देखिन्छन । यी यस्तै मनको बह सबैलाई कह भन्नकै लागि भए पनि मैले कलम चलाएको हो । यसलाई अपमान भन्दा पनि सुझाव सम्झेर अघि बढ्ने प्रेरणा सबैमा मिल्ने विश्वास लिएको छुँ । बिग्रदो समाजलाई सम्हाल्न तपाई हाम्रो सबैको दायित्व बराबर रहन्छ भन्ने सुझबुझका साथ बेलैमा सच्चिएर अगाडि बढ्ने हो भने असल समाजको असल अग्रज र असल समाजमा रहि सही बाटो अबलम्वन गर्नसक्छौं । नत्र अग्रजता धमिलोपन भए समाज पनि धमिलो हुन्छ । र धमिलो पानीमा माछा मार्नेहरूको बिगबिगि हुन्छ, अन्ततः समाज नै उजाडमा परिणत हुनपुग्छ ।

जय अग्रज ज्यूहरू ! सुध्रिने प्रयास गरौ ! धन्यवाद ।

## छात्रवृत्ति ...

सम्म मासिक ४ सय रूपैयाँका दरले, कक्षा ९ र १० लाई मासिक ५ सय, कक्षा ११ र १२ लाई मासिक १२ सय, स्नातक तह र प्राविधिक तहलाई मासिक २ हजार रूपैयाँका दरले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

सखुवानान्कारकट्टि गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष महेन्द्र यादवले छात्राहरूलाई छात्रवृत्ति रकम हस्तान्तरण गरेका थिए ।

## सलहेस ...

गुप्तकालक अभिलेखमे नहि आएल अछि, यद्यपि मिथिलाक नाम ओहि समयमे तीरभुक्ति ( गङ्ग-सदानीरा, कोशीक तीर प्रदेश अथवा तरि प्रदेश) राखल गेल छलैक । शतपथ ब्राह्मणमे विदेह-मिथिलाक पूर्वी सीमा कोशी नदीक वर्णन छैक । कोशीक पश्चिम प्रदेशक ई जिलाक नाम- सप्तकोशीक प्रदेश, सप्तरी भेलैक जकर उल्लेख महाकवि विद्यापति लिखित लिखनावलीमे (१५हम शई.मे) आ नेपालक शाह राजा राजेन्द्र विक्रमक वि.सं. १८९५ ( ई.सं. १८३८) क लालमोहर ( सप्तरी पत्र) मे जिला सप्तरी तथा पृथ्वीनारायण शाह कालक वि.सं. १८९० फागुन १५ सँ ( सप्तरी जिलाक) 'मदेश जिल्लै षालिसा'क सँगे पश्चिममे 'तर्जुगा नदी कोशी दोभान'के उल्लेख प्राप्त होइत छैक । एहि जिल्लामे नव प्रस्तरकालक (लगभग १०,०००–५००० ई. पूर्वक) दूटा स्थल सब क्रमशः गोविन्दपुर गा.वि.स.क उत्तर खपटे डाँडा तथा सप्तरी जिलाक आंद्रदिगा आखि शिवालिक श्रेणीमे प्राप्त भेल अछि । सिरहाक गोविन्दपुर, खपटे डाँडा आ खोकसार-एकागढसँ प्राचीन आर्यजातिक (Grey ware-NBP.) मृण्मय पात्र प्राप्त भेल छैक । कोइलाडी गढीसँ चाँदिक आहत मुद्रा (Bent-Bar and PMC coins) प्राप्त भेल छैक (हरिकान्त, ऐति गढीहरू, २०६७, पृ. ७६, पृ ९८), पंचमार्क मुद्राक फोटो) Bent Bar coin के काल ४०० ई. पूर्व आ (punch-Marked coin) के समय ३००-२०० ई. पूर्व थिकै । ई मिथिलाक प्राचीनतम मुद्रा थिक आ किछु वर्ष आगू अहितरहक पंचमार्क (आहत) मुद्रा सप्तरीक कोशी किनारसँ कोशीक बाढिमे धारमे बहैक चर्चा अपन मुगल शासनकाल ग्रंथमे राधाकृष्ण चौधरी केने छैथ । एकरबाद कषाणकालक (२००-१००ई. सं.) खनेक स्थल सप्तरीमे होयबाक अनुमान छैक जकर खोजी-अन्वेषण भेनाइ जरूरी अछि । सप्तरीक खोकसारसँ तथा सिरहाक १ कोस पश्चिम इटहरी गामसँ गुप्ताकालक स्थाकार शैली तथा शिखराकार मन्दिरक अवशेष प्राप्त भेल छैक । गुप्त राजा बुध गुप्तक दामोदरपुर ताम्रपत्र (सं२,गुप्त संवत् १६३-ई.सं. ४८२)मे हुनक शासनकालमे चन्द्रगामक एकटा स्थानीय व्यक्ति 'नाभक' किछु आर्य ब्राह्मणसभकेँ अपना गाममे जमीनदान देने छल (रा.कुमुखर्जी, गुप्त एम्पाएर, १९७३,पृ.११२) ।

*क्रमश :*


### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा


## रैथाने ...

पाइने काठको बाकस बनाएर त्यसमा तापक्रम मिलाएर अण्डा राखेर चल्ला उत्पादन गर्छु ।'

घरेलु प्रविधिबाट उत्पादित चल्ला बजारबाट मगाएको भन्दा सस्तो पर्ने उनी सुनाउँछन् । त्यसरी उत्पादित चल्ला स्थानीय बजारमा बिक्री गर्छन । भन्छन् 'चल्लाको माग धान्न सकेको छुइन ।' कुखुरा र परेवा फार्मलाई अझै ठूलो बनाउने योजनामा छन् उनी । घरका सबै सदस्यले रोजगारी पाएका छन् । यही फर्ममै घरका सदस्य काम गर्छन ।

फर्ममा उत्पादित स्थानीय जातका परेवा, कुखुरा र अण्डा उनी गाउँघरका हाटबजारमा बिक्री गर्छन् । ताजा अण्डा र स्थानीय जातका कुखुरा मासुका पारखीहरू उनको फर्ममै पुग्छन् । उनी विदेशमा गएर पसिना बगाउनुको साटो गाउँमै रोजगारी गर्नु राम्रो रहेको युवा पुस्तालाई सुझाउँछन् ।

'विदेशमा कडा परिश्रम गर्नुपर्छ, मजदुरमा काम गर्नेको त्यति बचत पनि हुँदैन,' उनले भने, 'आफ्नै गाउँघरमा कृषि व्यावसायी थाले त्यति कमाई गर्न सकिन्छ, विदेश जानुभन्दा गाउँमै उद्यम गर्नुस् ।' स्वदेशमै रोजगारी गर्नेलाई सरकारी निकायले प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ ।

स्थानीय प्रजातिका कुखुरा र परेवाका आवाजका अनगिन्ती विविधताहरू बुझेका रामदतका साथी नै फर्मका कुखुरा र परेवा बनेका छन् । भन्छन् 'आवाजको बाहिरि दुनियाँसँग बेखबर भइसके, भाले बासेको र परेवाको मायालु कुहुरमुहुर आवाज मेरो जीवनको अभिन्न ध्वनि बनिसकेको छ ।'

## माग ...

किसान अग्रसर हुन नसकेको झरीलालले बताए । स्थानीय जातका कुखुरा ढिलो बढ्ने भएकाले पनि यसको व्यसायिक पालन गर्न समस्या भएको किसानको भनाइ छ ।

'ब्रोइलर कुखुरा जस्तो तीन महिनामा स्थानीय जातको कुखुरा खाने लायक हुँदैन' उनले भने 'त्यसकारण पनि यसको व्यवसायिक पालन हुन सकेको छैन, अर्कोतर्फ ब्रोइलर जस्तो खोरमा थुनेर राख्न सकिन्दैन । यसको हेरचाहमा पनि समस्या छ ।' सिरहाको उत्तरवर्ती चुरे क्षेत्रका ती गाउँबाट दैनिक स्थानीय जातका कुखुरा संकलन गरी भोलिपल्ट झरीलाल कुखुरा माग भएको होटलहरूमा पुऱ्याउँछन् । पूर्व पश्चिम राजमार्ग स्थित चोहर्वाको होटलहरूमा स्थानीय जातको कुखुरा माग बढ्दो रहेको उनले सुनाए । ती होटलहरूमा स्थानीय जातको कुखुरा मासु खाने ग्राहकको घुँइचो लाग्छ ।

कुखुरा कहिल्यै पालन नगरेपनि कुखुरा खरिद बिक्रीको व्यापारबाट झरीलालले ५ छोरी र ३ छोराको लालनपालन र पढाइ खर्च जोहो गर्छन । कुखुराको व्यापारबाटै उनले धनगढी बजारका विभिन्न ठाउँमा ३ कठा १ धुर जग्गा जोडेको उनले सुनाए ।


### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# स्थानीय तहमा भ्रष्टाचार र सुशासन

## पालिका बहस

रामशरण गैरे

जनताको पक्षमा काम गर्ने प्रतिबद्धतासहित नेतृत्वमा आएका स्थानीय तहका जनप्रतिनिधिको तीनवर्षे कार्यकाल उत्साहजनक बनेको देखिँदैन । निर्वाचित भएर आएको छोटो अवधिमै जनप्रतिनिधिले जनताको मन जित्नुको सट्टा बेथितिलाई प्रोत्साहन गरेको गुनासो आइरहेका छन् । स्थानीय तहका नेतृत्वकर्ता आफ्नै स्वार्थमा बढी केन्द्रित हुने गरेको आरोप लाग्ने गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थानीय तहमा भ्रष्टाचार भएका धेरै उजुरी आएको जानकारी दिएपछि त्यससम्बन्धमा पहिल्यैदेखि उठेका प्रश्नलाई प्रामाणिक बल मिलेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यस्ता पाँच हजारभन्दा बढी उजुरी परिसकेका छन् । महालेखा परीक्षकको प्रतिवेदन हेर्दा बेरूजुमा स्थानीय निकायले सबैलाई उछिनेका छन् ।

यसअघि १५ वर्षसम्म प्रशासनिक कर्मचारीले चलाएको स्थानीय तहमा भ्रष्टाचारका अनेक धन्दा मौलाएका थिए । यसै पनि स्थानीय तहका सचिवले अनेक राजनीतिक अवस्थाको फाइदा उठाउँदै सदरमुकाममा बसेर जनतालाई सताउँथे । त्यसमाथि, सर्वदलीय संयन्त्रका नाममा विभिन्न दलका नेताबीच योजना आफ्नो हात पार्ने र ठेक्कापट्टामार्फत कमिसन हात पार्ने साझा सहमतिजस्तो बनेको थियो । अहिले निर्वाचित जनप्रतिनिधि आइसकेपछि त्यस्तो भ्रष्टाचारले झन् मौलाउने बल पाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनले अनियमितताका उजुरीका दृष्टिले सर्वाधिक बढी शिक्षा, स्थानीय तहको विकास निर्माण तथा स्थानीय सेवा प्रवाहको क्षेत्र नै इंगित गरेको देखिन्छ । नवनिर्वाचित पदाधिकारीले सपथसँगै हेर्ने पहिलो काम स्थानीय विकास निर्माण र सेवा प्रवाह नै हो । स्थानीय सरकारमा नीतिगत तह, खर्चको क्षेत्र, राजस्व र नियमनको सेरोफेरो भ्रष्टाचारका जोखिमयुक्त क्षेत्र हुन् । भ्रष्टाचारको प्रकृतिलाई मूलतः दुई तहमा विभाजन गर्न सकिन्छ । संस्थागत ठाडो भ्रष्टाचारको अर्थ सामान्यतया सरकारी रकम दुरुपयोगका लागि कुनै सरकारी निकायमा माथिदेखि तलसम्म 'सेटिङ' मिलाउनु हो । उदाहरणका लागि नेपालका अधिकांश ठूला आयोजनाको खर्च अनुमानभन्दा डेढी या त्यसभन्दा पनि बढी हुन आउँछ र ठेकेदारलाई त्यहीअनुसार भुक्तानी हुन्छ । यसरी लागत बढाउँदै 'भेरिएसन'का नाममा करोडौं भ्रष्टाचार हुन सम्बन्धित मन्त्रालयको तलदेखि माथिसम्मका नीति निर्मातादेखि प्राविधिकसम्मको प्रत्यक्ष र अप्रत्यक्ष सहमति र सहभागिता जरूरी हुन्छ । यसरी सरकारी लगानी तल्लो तहदेखि माथिल्लो तहसम्म मिलेमतोमा जानाजान दुरुपयोग गरी व्यक्तिगत लाभ आर्जन गर्ने भ्रष्टाचार ठाडो भ्रष्टाचार हो । हाम्रो देशमा ठाडो भ्रष्टाचारले आकाश छुनमात्र बाँकी छ ।

स्थानीय तहमा सीधै विकासका कार्यक्रमहरू कार्यान्वयन हुने अवस्था छ । संघीय गणतन्त्र नेपालको संविधानअनुरूप स्थापना भएका स्थानीय तहहरूले स्थानीय तहका पदाधिकारीहरूको आफूखुसी सुविधा तोकेका छन् । आन्तरिक आयको प्रक्षेपण नपुग हुँदाहुँदै र मन्त्रालयले गाडी, फोन, भत्तालगायतका सुविधासम्बन्धी निर्णय नगर्न सचेत गराउँदागराउँदै राजनीतिकरूपमा स्थानीय सरकारले अधिकार प्राप्त गरेको भन्दै केही स्थानीय तहहरूले धमाधम महँगा गाडी खरिदका लागि बजेट छुट्याएका छन् । यस्तै, सामाजिक सुरक्षा भत्ता, बेरोजगार भत्ता, आर्थिक सहयोग र चन्दालगायतका गैरबजेटरी खर्चहरूको सुस्वाती संकेतले पनि स्थानीय तहमा हुने आर्थिक अनियमितताको डरलाग्दो अवस्था देखिएको छ । स्थानीय तहहरूले मन्त्रालयले तोकेको प्रक्रिया र चरणहरू बेगर बजेट विनियोजन गर्ने र ठूलो मात्रामा रकम राख्ने परिपाटीले पनि अनियमितताको झल्को देखिएको छ । स्थानीय तहहरूमा हुने अर्को डरलाग्दो भ्रष्टाचारको सम्भावनामा कर्मचारीहरूको नियुक्ति, स्थानीय तहहरूले सञ्चालन गर्ने योजनाहरूको उपभोक्ता समिति चयनलगायतमा हो ।

अधिकारको बाँडफाँटसम्बन्धी पर्याप्त र प्रस्ट कानुन नभएका कारण पनि स्थानीय तहमा नीतिगत भ्रष्टाचार बढ्ने अनुमान छ । स्थानीय तहमा राजस्व संकलनमा हुने भ्रष्टाचार पनि अर्को चासोको विषय बनेको छ । स्थानीय तहहरूले एकीकृत सम्पत्ति कर लगाउने उद्देश्यले घर र जग्गाहरूको धमाधम आफूखुसी मूल्यांकन गरिरहेको छ ।

जिल्ला प्रशासन कार्यालयको संयोजकत्वमा मालपोत कार्यालयले गर्ने वार्षिक मूल्यांकन विवरणभन्दा अलग्गै मूल्यांकन तोकेर राजस्व संकलन प्रयोजनका लागि मूल्य बढाइनु पनि नीतिगत भ्रष्टाचार हो । जग्गाको मूल्यांकन कसले, किन र कसरी गर्ने भन्ने कुनै वैज्ञानिक आधारबेगर स्थानीय तहहरूले मूल्यांकन गरिरहेका छन् । स्थानीय तहले निर्धारण गर्ने कर, आम्दानीका स्रोत, प्राकृतिक स्रोतको उपभोग लगायतका विषयमा जनप्रतिनिधिहरूले चलखेल गर्ने खतरा छ । स्थानीय तहहरूमा हुन सक्ने सम्भावित आर्थिक अनियमितता र नीतिगत भ्रष्टाचारको नियन्त्रण गर्ने विश्वासिलो निकाय नहुनु चिन्ताको विषय हो । स्थानीय तहमा भ्रष्टाचारको सबैभन्दा बदनाम ठाउँ भनेको निर्माणका काममा दिइने ठेक्कापट्टा र डोजर, स्क्याभेटरलगायत साधन जनप्रतिनिधिको निजी या उनीहरू संलग्न कम्पनीका नाममा बनाउनु हो । ठेकेदार कम्पनी पनि आफ्नै या आफन्तका नाममा बनाउने र उसैलाई निर्माणको काम, ढुंगागिटी, बालुवाको ठेक्का दिने गर्न थालिएका कयौं उदाहरण छन् ।

स्थानीय तहमा अनियमिता हुन सक्ने अर्को महत्वपूर्ण क्षेत्र सार्वजनिक जमिनको व्यवस्थापन पनि हो । नगर क्षेत्रमा भवन नक्सा पारित गर्ने काम पनि अनियमितताको सम्भावित क्षेत्र बनेको छ । भ्रष्टाचारमा सडक, बाटोघाटो, तालिमलगायतमा भयो भनेर उजुरी परेको छ । स्थानीय निकायमा सामाजिक सुरक्षा भत्ता वितरण, विकास बजेट र अनुदान व्यवस्थापनमा समेत भ्रष्टाचार र अनियमितता हुन्छ । दलीय संयन्त्रका नाममा मिलीजुली अनुदान सकाउने, विकास बजेट हिनामिना तथा अपचलन गर्ने, फ्रिज गर्नुपर्ने रकमसमेत फ्रिज नगरी अन्य खातामा लुकाउने, दलीय भागबन्डामा रकम वितरण गर्ने, कमसल तथा न्यून काममा पनि भुक्तानी गर्ने, योजनाको नाममा पारिश्रमिक वितरण गर्ने, नक्कली योजनामा भुक्तानी लेख्ने, लक्षित बजेट अन्यत्र खर्च गर्ने, अनुत्पादक खर्च गर्ने, जथाभावी र अनियमित तवरले कर्मचारीका भर्नाजस्ता भ्रष्टाचार तथा अनियमितताका अनेक कार्य भएका देखिन्छन् ।



स्थानीय पूर्वाधार विकासतर्फ उपभोक्ता समितिमा मौलाएको ठेकेदारी, झूट्टा बिल भर्पाई, स्फेसिफिकेसन बनाउँदा गडबडी, नजिकै पाइने निर्माण सामग्रीलाई टाढा देखाउँदै बढी रकम भुक्तानी, भेरिएसनको नाममा अनावश्यक दायित्व, आयोजना समयमा सम्पन्न नगरी लागतको भार थप्ने, मेसिनरी प्रयोग गर्ने तर भुक्तानी भने श्रम ज्यालामा लिने आदि अनियमितता समय–समयमा सार्वजनिक भइरहेका छन् । यसअलावा स्थानीय ढुंगा, गिटी, बालुवालगायतका स्रोतसाधनको उपयोगमा भारी अनियमितता, प्राकृतिक स्रोतको अति दोहन पनि विरासतकै रूपमा स्थानीय तहले सामना गर्नुपर्ने छ ।

एकातिर नेपाल भ्रष्टाचारविरूद्ध संयुक्त राष्ट्र सम्मेलनको पक्ष राष्ट्र हो । भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा नेपालमा भ्रष्टाचारविरूद्धको रणनीति तथा कार्ययोजना, विभागीय कार्ययोजना, २०६७ तथा भ्रष्टाचारविरूद्ध संयुक्त राष्ट्र सम्मेलनजस्ता प्रावधानहरू विद्यमान छन् । तर, युएसआइडीको एक अध्ययनले त्यस्ता कार्यविधि तथा प्रावधानहरू निष्प्रभावी रहेको र कार्यान्वयनमा समस्या रहेको देखाएको छ । नेपाल भ्रष्टाचारविरूद्ध संयुक्त राष्ट्र सम्मेलनको हस्ताक्षरकर्ता भएको नाताले, भ्रष्टाचार नियन्त्रणमा अहिले विद्यमान रणनीति तथा कार्ययोजनालाई समीक्षा गरी नयाँ रणनीति तथा कार्ययोजना बनाउन आवश्यक छ । यसका लागि अख्तियारले पहलकदमी गर्नुपर्छ र स्थानीय निकायमा हुन सक्ने भ्रष्टाचारजन्य कार्यलाई पनि आफ्नो दायरामा ल्याउन नितान्त आवश्यक छ ।

निर्वाचित प्रतिनिधिले लोकतन्त्रलाई जरैबाट मजबुत बनाई आमनागरिकको राजनीतिज्ञप्रति भरोसा बढाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ । यसका लागि स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने, भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने, आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने, आयव्ययको जानकारी सार्वजनिक गरी सरोकारवालासम्म पुऱ्याउने, लेखा समितिलाई प्रभावकारी बनाउनेजस्ता कार्यहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

स्थानीय तहले गर्ने काम, प्रदान गरिने सेवा र विकास कार्यहरूमा पारदर्शिता अभिवृद्धि गर्न सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, गुणस्तर परीक्षण, व्यवस्थापन परीक्षण, सार्वजनिक सुनुवाइजस्ता उपक्रमहरू प्रयोग गर्नु उपयुक्त हुन्छ । यसले कार्यसम्पादनमा पारदर्शिता र उत्तरदायी कार्यप्रणालीलाई प्रोत्साहित गर्छ, जुन सुशासनको महत्वपूर्ण आधार हो । खासगरी, स्थानीय योजना र कार्यक्रम सम्पन्न भएपछि सेवाग्राही, स्थानीय बासिन्दा र नागरिक समाजका प्रतिनिधिमूलक संस्थाहरू समेतलाई सहभागी गराई सम्पादित कामको सार्वजनिक लेखापरीक्षण गराउनुपर्छ, जसमा मुख्यतः लक्ष्यअनुसार काम भएरनभएको, लक्षित वर्गले लाभ प्राप्त गरेरनगरेको, जनताको जीवनमा सकारात्मक प्रभाव परेरनपरेको, वातावरणमा प्रतिकूल प्रभाव परेरनपरेको, सीमान्तीकृत समुदायलाई योजना र कार्यक्रम कार्यान्वयनमा सहभागी बनाइएरनबनाइएको आदि विषयको लेखाजोखा गर्नुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहले सार्वजनिक सुनुवाइ गरी कामकारबाहीमा स्वच्छता, पारदर्शिता र वस्तुनिष्ठता सुनिश्चित गर्न सक्छन् ।

शताब्दीयौँदेखि सिंहदरबारमा केन्द्रित शासनरप्रशासन, योजना र विकास उपर निर्णय गर्ने जिम्मेवारी अब स्थानीय सरकारको माध्यमबाट नागरिकको घरदैलोमा पुऱ्याइएको छ । नागरिकलाई सरकारको सारभूत उपस्थिति र शासनलाई उजिल्याउने काम गर्ने भएकोले स्थानीय तहको सुशासनले महत्व राख्छ । आधार तहमा सुशासन स्थापना हुन नसके समस्त सार्वजनिक सुशासनमा चुनौती खडा हुन्छ । यसैले, भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिसहित सुशासनको प्रवर्द्धनमा स्थानीय सरकारले आफूलाई तयार पार्नुपर्छ । स्थानीय सरकारको प्रत्यक्ष सरोकार तथा जवाफदेहिता जनताप्रति हुन्छ । जनतालाई शासन सञ्चालन तथा निर्णय प्रक्रियामा जति बढी सहभागी गराउन सकिन्छ, उनीहरूमा स्वामित्वबोध पनि त्यति नै अभिवृद्धि हुँदै जान्छ ।

*चितवन पोस्टबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)